# बजेट वक्तव्य

## आर्थिक वर्ष २०८३/८४



**घोडाघोडी नगरपालिका**

**सुखड,कैलाली**

२०८३

**घोडाघोडी नगरपालिका नगरसभाका अध्यक्ष ज्यू,**

नगरपालिकाको यस गरीमामय नगरसभामा आर्थिक वर्ष २०८३-०८४ को राजस्व र व्ययको अनुमान प्रस्तुत गर्न पाउदा गर्वको अनुभूती गरेको छु ।

यस अवसरमा राष्ट्र हित, लोकतन्त्र र अग्रगामि परिवर्तनका साथ साथै संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि नेपाली जन्ताले पटक पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र सघर्ष, नव युवापुस्ताको त्याग र बलिदानको गौरवमयपूर्ण इतिहासलाई स्मरण गर्दै यस समयमा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलीक अखण्डता तथा राष्ट्रिय एकताको सम्मान गर्दै संघीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्थाको मुल मर्म लाई आत्मसाथ हुने गरी नगरपालिकाको दिगो शान्ती, सुशासन, सामाजिक न्याय, दिगो एंव भरपर्दो समतामुलक विकास, दिगो आर्थिक विकास, आर्थिक सामाजिक रुपान्तरण र समृद्धीका लागि नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ वमोजिम समतामुलक समृद्ध पर्यटकीय नगरी पहिचान सहितको हाम्रो घोडाघोडी निर्माणमा टेवा पूर्याउन यस सम्मानित योजना तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु ।

**सभाध्यक्ष महोदय,**

अब म यस गरिमामय सभा समक्ष बार्षिक योजना तथा बजेट तर्जमाका चुनौती, अवसर, उदेश्य र प्राथमिकताका क्षेत्रहरु प्रस्तुत गर्न चाहन्छु।

**प्रमुख चुनौतीहरुः**

क) नगरपालिकाको आन्तरीक आय न्यून हुनु र संघीय र प्रदेश सरकारले प्रदान गरेको अनुदानमा परनिर्भर रहनु ।

ख) भौगोलिक क्षेत्र अनुसार समानुपातिक विकासलाई जोड दिदै जनअपेक्षा र बजेटको स्रोत विच तादम्यता मिलाउनु ।

ग) सहकार्य र समन्वयको अभावका कारण स्रोत साधनको प्रभावकारी परिचालन हुन नसक्नु।

घ) प्राकृतिक तथा मानविय विपदका कारण विकासका क्रियाकलापमा अवरोध ।

ङ) राजनीतिक तथा सामाजिक दबावले योजना तथा कार्यक्रम प्राथमिकिकरणमा असहजता ।

च) भदौ २४ र २५ गते भएको आगजनीबाट हाम्रो नगरपालिका पनि अछुतो रहन सकेन क्षति भएका संरचनाहरुको पुर्न निर्माण गर्दै आगामी आ.व. को बजेट निर्माण गर्नु ।

**प्रमुख सम्भावनाहरुः**

क) अधिकार क्षेत्र भित्र रहेका कर तथा करका दायराहरुलाई समयानुकुल विस्तार गर्नुका साथै करको दायरामा नआएका क्षेत्रहरु पहिचान र दायरा विस्तार।

ख) विश्वमान चित्रमा परिचित ऐतिहासिक, धार्मिक एंव पर्यटकीय स्थल घोडाघोडी सिमसार क्षेत्रको विकास र विस्तार मार्फत आन्तरिक एंव वाह्य पर्यटकहरुमा वढोत्तरी।

ग) कृषि तथा पशुजन्य उत्पादन तथा उत्पादकत्व बृद्धी भई खाध्यान्नमा आत्मनिर्भर, दिगो खाध्य सुरक्षा, रैथाने बालीको प्रवर्धन, पकेट क्षेत्र विस्तार।

घ) स्थानीय सिप, दक्षता, विज्ञताको उपयोग गरि उद्यमीको क्षमता विकास गर्दै स्थानीय उत्पादनमा वढोत्तरी, व्यवसायीकरण र बजारीकरण मार्फत जिविकोपार्जनमा सहयोग।

ङ) उच्च शिक्षाको अवसर, दक्ष जनशक्तीको विकास।

च) श्रमको सम्मान नागरिकको पहिचान, सुरक्षित मर्यादित रोजगारी, श्रम शक्तीको पुर्ण उपयोग हुने गरि रोजगारी सृजना।

**बजेटका उदेश्यहरुः**

क) स्थानीय शासन लाई दिगो, भरपर्दो र विश्वश्चिय वनाउने।

ख) आत्मनिर्भर र समृद्ध नगरपालिका निर्माण गर्ने।

ग) सामाजिक सांस्कृतिक रुपान्तरण गर्ने।

घ) दिगो, भरपर्दो, जोखिममुक्त र वातावरणमैत्री पूर्वाधारयुक्त नगरपालिका निर्माण गर्ने।

ङ) दिगो शान्ति, सुशासन, विकास र समृद्धिको लक्ष्य हासिल गर्ने।

**बजेटका प्राथमिकताहरुः**

1. गुणस्तरीय शिक्षा
2. छिटो,छरितो,सहज र सर्वशुलभ स्वास्थ्य
3. आर्थिक विकास र रोजगारी सृजना
4. दिगो,भरपर्दो समावेशी पूर्वाधार र पर्यटन विकास
5. सूचना तथा सञ्चार प्रविधिको सदुपयोग र सुशासनयुक्त पालिका
6. सामाजिक सास्कृतिक रुपान्तरण र सामाजिक समावेशिकरण
7. खानेपानी सरसफाई र स्वच्छता,सफा र सुगन्धित पालिका,वातावरण संरक्षण र विपद व्यवस्थापन

**सभाध्यक्ष महोदय,**

अब म चालु आ.व. २०८२-०८३ को राजस्व र व्ययको संशोधित अनुमान प्रस्तुत गर्न चाहन्छु

संघीय वित्तिय समानिकरण अनुदान तर्फ १९ करोड ०३ लाख प्राप्त हुने अनुमान गरिएकोमा हाल सम्म १५ करोड ५१ लाख ५० हजार रकम प्राप्त भै ४० % खर्च भएको छ।

संघीय समपुरक अनुदान तर्फ २ करोड २५ लाख प्राप्त हुने अनुमान गरिएकोमा हाल सम्म ८७ लाख ९५ हजार १९८ रकम प्राप्त भै १०० % खर्च भएको छ।

संघीय विशेष अनुदान तर्फ २ करोड ७४ लाख प्राप्त हुने अनुमान गरिएकोमा हाल सम्म ८६ लाख २८ हजार २३१ रकम प्राप्त भै १०० % खर्च भएको छ।

संघीय शशर्त अनुदान तर्फ ३६ करोड २९ लाख प्राप्त हुने अनुमान गरिएकोमा हाल सम्म ४४ करोड ६५ लाख ८९ हजार रकम प्राप्त भै ६८ % खर्च भएको छ।

त्यसै गरि प्रदेश वित्तिय समानिकरण अनुदान तर्फ १ करोड ७९ लाख ८५ हजार प्राप्त हुने अनुमान गरिएकोमा हाल सम्म ८९ लाख ९२ हजार रकम प्राप्त भै ५६ लाख ६५ हजार खर्च भएको छ।

प्रदेश समपुरक अनुदान तर्फ २ करोड ४४ लाख प्राप्त हुने अनुमान गरिएकोमा हाल सम्म १ करोड ९ लाख रकम प्राप्त भै १०० % खर्च भएको छ।

प्रदेश विशेष अनुदान तर्फ ७५ लाख प्राप्त हुने अनुमान गरिएकोमा हाल सम्म २५ लाख रकम प्राप्त भै १० लाख खर्च भएको छ।

प्रदेश शशर्त अनुदान तर्फ ६० लाख प्राप्त हुने अनुमान गरिएकोमा हाल सम्म ४० लाख रकम प्राप्त भै १०० % खर्च भएको छ।

राजस्व वाडफाड अन्तर्गत (भ्याट र अन्तशुल्क) वाफत १८ करोड १२ लाख २६ हजार ४० मात्र प्राप्त हुने अनुमान गरिएकोमा हाल सम्म १३ करोड ५८ लाख रकम प्राप्त भै १३ करोड खर्च भएको छ भने सावरी कर, घरजग्गा रजिष्ट्रेशन र मनोरञ्जन कर वाफत ५८ लाख ४३ हजार ५ सय प्राप्त हुने अनुमान गरिएकोमा गरिएकोमा हाल सम्म प्राप्त भएको छैन।

त्यसैगरि नगरपालिकाको आन्तरिक स्रोत तर्फ मौजदात सहित १४ करोड ८१ लाख ३२ हजार ३६० प्राप्त हुने अनुमान गरेकोमा हाल सम्म बैंक मौजदात सहित ६ करोड ५० लाख रकम प्राप्त भै १०० % खर्च भएको छ।

कुल विनियोजित बजेट मध्ये चालु तर्फ बिनियोजन भएको बजेट ६३ करोड ३६ लाख ९१ हजार ८६० बाट ७६% खर्च भएको छ। भने पुजिगत तर्फ विनियोजन भएको बजेट ३६ करोड ४ लाख ९५ हजार १४० वाट ३९ % खर्च भई आजको मिति सम्म कुल ६२ % खर्च भएकोमा आर्थिक वर्षको अन्त सम्ममा ९०% खर्च हुने अनुमान गरिएको छ। त्यसै गरि सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम तर्फ सामाजिक सुरक्षा भत्ता रदिर्घ रोगिलाई प्रदान गरिने रु ५ हजारका दरले तेस्रो त्रैमासिक सम्ममा भुक्तानी भैसकेको छ। भने चौथो त्रैमासिक भूक्तानी प्रकृयामा रहेको छ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक बर्ष २०८३-८४ को राजस्व र व्ययको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु। आ.व. २०८३-०८४ मा प्राप्त हुने अनुमानित आय वाट खर्च हुने गरि योजना तथा कार्यक्रममा बजेट बिनियोजन गरेको छु।

**सभाध्यक्ष महोदय,**

**सघीय र प्रदेश अनुदान मार्फत विनियोजित योजना तथा कार्यक्रमहरु प्रस्तुत गर्दछुः**

- ❖ घोडाघोडी नगर रिङरोडको निर्माण कार्यलाई दुर्त रुपमा अगाडी वढाउन संघीय सरकारको लागत साझेदारीमा घोडाघोडी नगरपालिका वडा न. ६ देखि वडा न. ८ हुदै ४ जोडने सडक कालोपत्रे निर्माणका लागि १ करोड ७५ लाख विनियोजन गरेको छु।

- ❖ घोडागोडी नगर स्तरीय रङ्गशाला निर्माण वडा न. १ का लागि  २ करोड ८२ लाख ५० हजार विनियोजन गरेको छु।
- ❖ नागरिकहरुको सुरक्षित खानेपानीमा पहुँच वढाउन खानेपानी आयोजना विस्तार वडा न. ५,९ र १२ का लागि १ करोड ५ लाख विनियोजन गरेको छु ।
- ❖ आवास विहिनहरुको सुरक्षित आवासमा वसोवासको व्यवस्था मिलाउन विपन्न तथा सिमान्तकृत नागरिकहरुको आवास निर्माणका लगि १ करोड ७५ लाख विनियोजन गरेको छु ।
- ❖ प्रदेश सरकार संगको साझेदारीमा सिमथरि माघि होम स्टे हुदै गैडाखेडा जाने सडक कालोपत्रे वडा न. ४ का लागि  २ करोड ८८ लाख ९० हजार विनियोजन गरेको छु ।
- ❖ थेवै झिरोखा शिखरझाला जाने बाटो कालोपत्रे वडा न. ९ र १० का लागि ७५ लाख विनियोजन गरेको छु ।
- ❖ किसानहरुमा सिचाईको पहुच विस्तार गर्न वडा न. ४,५,६,८ र ९ का कृषक समुहहरुको लागि डिप ट्यूवेल निर्माण गर्न २० लाख ५० हजार विनियोजन गरेको छु ।
- ❖ शिक्षामा गुणस्तर सुधार अन्तर्गत जनज्योती मा वि सुन्दरपुरको फर्निचर, शैक्षिक सामग्री,कम्पयुटर,डिजिटल वोर्ड, प्रयोगशाला उपकरण, पुस्तकाल, शौचालय र खानेपानी व्यवस्थापनका लागि २५ लाख ५० हजार विनियोजन गरेको छु ।
- ❖ विपन्न तथा सिमान्तकृत समुदायका नागरिकहरुको नमुना तथा एकिकृत आवास निर्माण गर्न ३० लाख ५० हजार विनियोजन गरेको छु ।
- ❖ प्राथमिक स्वास्थ्य सेवा सञ्चालन व्यवस्थापनका लागि २ करोड २५ लाख विनियोजन गरेको छु ।
- ❖ गरिवि निवारणका लगि लघु उद्यम विकास कार्यक्रम सञ्चालनका लागि १२ लाख विनियोजन गरेको छु ।
- ❖ कृषि विभागिय कार्यक्रम सञ्चालन व्यवस्थापनका लागि २४ लाख विनियोजन गरेको छु ।
- ❖ आधारभूत तह सम्म सवैको शिक्षामा पहुच पूर्याउन सवैका लागि शिक्षा कार्यक्रममा १५ करोड १३ लाख लाख विनियोजन गरेको छु ।
- ❖ माध्यामिक तहको शैक्षिक व्यवस्थापनका लागि ४ करोड ५ लाख  विनियोजन गरेको छु ।
- ❖ विद्यालय शिक्षा क्षेत्र योजना व्यवस्थापनका लागि ११ करोड ६० लाख विनियोजन गरेको छु ।
- ❖ राष्ट्रिय कृषि आधुनिकिकरण कार्यक्रम तर्फ मौरि पकेट विकास कार्यक्रम सञ्चालन गर्न १२ लाख र आलुको पकेट विकास कार्यक्रम सञ्चालन गर्न १२ लाख  विनियोजन गरेको छु ।
- ❖ राष्ट्रिय सूचना तथा अनुगमन आयोजना अन्तर्गत पालिकाको WASH योजना वनाउन ६ लाख विनियोजन गरेको छु ।
- ❖ कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रमका लागि ४ लाख विनियोजन गरेको छु ।

- रोजगार प्रवर्धन कार्यक्रम सञ्चालन एंव व्यवस्थापनका लागि ९ लाख विनियोजन गरेको छु ।
- राषट्रिय परिचयपत्र तथा पंजिकरण विभागिय कार्यक्रम सञ्चालन एंव व्यवस्थापनका लागि ५ लाख विनियोजन गरेको छु ।
- राष्ट्रिय रोजगार प्रवर्धन कार्यक्रम सञ्चालन एंव व्यवस्थापनका लागि १२ लाख विनियोजन गरेको छु ।
- स्वास्थ्य व्यवस्थापन कार्यक्रमका लगि ४ लाख विनियोजन गरेको छु ।
- वहुक्षेत्रिय पोषण कार्यक्रम अन्तर्गत पोषण मैत्रि स्थानीय शासन प्रवर्धन गर्न ३ लाख विनियोजन गरेको छु ।
- पशु सेवा विभागिय कार्यक्रम सञ्चालन गर्न १२ लाख विनियोजन गरेको छु ।
- परिवार कल्याण कार्यक्रम सञ्चालनका लागि ७३ लाख विनियोजन गरेको छु ।
- नर्सिङ तथा सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत राष्ट्रिय महिला स्वास्थ्य स्वयम सेविकाहरुको पोषाक,प्रोत्साहन र यातायातका लागि २४ लाख विनियोजन गरेको छु ।
- क्षयरोग नियन्त्रण गर्न क्षयरोग मुक्त अभियान कार्यक्रमका लागि ७ लाख विनियोजन गरेको छु ।
- नागरिक आरोग्य केन्द्र सञ्चालन तथा आयुर्वेद सेवा अभियान कार्यक्रमका लागि ५ लाख विनियोजन गरेको छु ।
- स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम अन्तर्गत म स्वास्थ्य मेरो समुदाय स्वास्थ्य र मृगौला प्रत्यारोपण गरेका, डायलसिस गराईरहेका,क्यान्सर रोगि र मेरुदण्ड पक्षघातका विरामिहरुका लागि ६८ लाख विनियोजन गरेको छु ।
- महामारि रोग नियन्त्रण कार्यक्रमका लागि ११ लाख विनियोजन गरेको छु ।
- उपचारात्मक सेवा कार्यक्रमहरुका लागि १५ लाख विनियोजन गरेको छु ।
- महिला उद्यमशिलता विकास सहजिकरण केन्द्र सञ्चालन गर्न २ लाख विनियोजन गरेको छु ।
- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद विशेष कार्यक्रम सञ्चालन गर्न ७ लाख विनियोजन गरेको छु ।
- घोडाघोडी नगरपालिकाका स्वीकृत ३४८ वटा आवास निर्माण गर्न आवास व्यवस्था कार्यक्रममा १४ लाख विनियोजन गरेको छु ।
- नगरपालिका स्तरीय कृषि हाटबजार निर्माणका लागि २० लाख विनियोजन गरेको छु ।
- अपाङ्गताको प्रकृति (अटिजम समेत)का लागि विशेष शिक्षा आवासीय विद्यालय सञ्चालन गर्न ५० लाख विनियोजन गरेको छु ।
- स्वीकृत गुरुयोजनाका आधारमा साझेदारीमा विद्यालय पूर्वाधार विकास गर्न ५६ लाख विनियोजन गरेको छु।
- खानेपानी सरसफाई तथा स्वच्छता सम्वन्धी योजना निर्माण गर्न ५ लाख विनियोजन गरेको छु ।

- वुलवुले धार्मिक तथा पर्टयन क्षेत्रमा गेट तथा वुलवुले धारा निर्माण का लागि २० लाख विनियोजन गरेको छु।
- थारु पौराणिक खेल तथा थारु सास्कृतिक पहिचान प्रवर्धन कार्यक्रम सञ्चालनका लागि १५ लाख विनियोजन गरेको छु ।
- खुशीराम स्मृति पार्क व्यवस्थापन तथा स्तरउन्नतीका लागि ३० लाख विनियोजन गरेको छु ।
- नेपाल सितोरियो कराते डो संघ कराते प्रतियोगिता कार्यक्रमका लागि २० लाख विनियोजन गरेको छु ।
- भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको साझेदारीमा मुक्त कमैया कमलरी हलिया पुर्नस्थापनाका लागि सुरक्षित आवास निर्माण गर्न ४५ लाख विनियोजन गरेको छु ।
- डोडा नदीको झिलुंगेपुल देखी चोंगालिपुर गाउको बजिया बल बहादुरको गर सम्म सडक स्तर उन्नतीका लागि ३० लाख विनियोजन गरेको छु ।
- नारायणपुर गाउमा वलिराम चौधरीको घर देखी विद्यालय हुदै मेन चोक सम्म सडक स्तरउन्नतीका लागि ३० लाख विनियोजन गरेको छु ।
- घुम्निभाकल दक्षिण थारु टोल चिलरहण घर देखि सेट्टीको घर सम्म सडक स्तर उन्नतीका लागि २० लाख विनियोजन गरेको छु ।
- मदन आश्रित सामुदायिक पुस्तकालय व्यवस्थापन तथा शौचालय निर्माणका लागि १० लाख विनियोजन गरेको छु ।
- राष्ट्रिय मा वि पछाडी अमृता वलिको घरसम्म तटवन्धनका लागि १० लाख विनियोजन गरेको छु ।
- धनीराम कठरीयाको घर देखि कुवँर वघाहन घर सम्म सडक कालोपत्रे कोटाका लागि ४० लाख विनियोजन गरेको छु ।
- खडक चौधरीको घर देखि हरिराम चौधरीको घर सम्म पक्कि नालि निर्माण किर्तिपुरका लागि १५ लाख विनियोजन गरेको छु ।
- सितल वोहराको घर देखी सुनिता चलाउनेको घर सम्म नालि निर्माण लठूवामा १० लाख विनियोजन गरेको छु ।
- त्यसैगरी प्रदेश शशर्त अनुदान कार्यक्रम मार्फत विद्यालय भवन ,गेट, पर्खाल निर्माण/व्यवस्थापन, मठ ,मन्दिर,मरुवा,गुम्वा चर्च,सत्संग भवन,शौचालय,सामुदायिक भवन,सिचाई,सभाहल लगायतका शिर्षकमा ७ करोड ३५ लाख विनियोजनको व्यवस्था मिलाएको छु ।

**सभाध्यक्ष महोदय**

**अव म नगरपालिकाबाट विनियोजित योजना तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।**

**आर्थिक विकास तर्फः**

रैथाने वाली थारु आलु प्रोत्साहन,लागत साझेदारीमा च्याउ खेती प्रवर्धन,प्रविधी प्रदर्शन,आईपिएम पाठशाला सञ्चालन,वालु उपचार शिविर,माटो सुधार लगायतका कार्यक्रमका लागि २८ लाख विनियोजन गरेको छु।

पशुपन्छी उपचार केन्द्र सञ्चालन, प्रयोगशाला सञ्चालन,पशु शिविर र रेविज खोप नियन्त्रण कार्यक्रमका लागि २१ लाख विनियोजन गरेको छु।

पर्यटकीय पूर्वाधार निर्माण र विकास साझेदारी कार्यक्रम सञ्चालनका लागि १४ लाख विनियोजन गरेको छु।

सहकारीहरुको नियमन,प्रवर्धन,क्षमता विकास लगायतका कार्यक्रमका लागि ५ लाख ८० हजार विनियोजन गरेको छु।

रोजगारी सृजना,उद्यमसिलता तालिम,सिप विकास तालिम,गरौ उत्पादन राखौ पहिचान कार्यक्रम अन्तर्गत एक वडा एक उद्योग, उत्पादित वस्तुको लेवलिङ प्याकेजिङ र ब्राण्डिङ तथा बजार अनुगमनका लागि १३ लाख विनियोजन गरेको छु।

**सामाजिक विकास तर्फः**

कक्षा ८ र १० मा उत्कृष्ट विद्यालय र विद्यार्थीलाई सम्मान कार्यक्रम,नगर स्तरीय परीक्षा सञ्चालन,नगर तथा जिल्ला स्तरीय खेलकुद,शैक्षिक सामग्री सहयोग, लागु औषध परिक्षण किट व्यवस्थापन,शिक्षक,विद्यालय कर्मचारी र वालविकास सहजकर्ताहरुको क्षमता विकास साथै नगर अनुदान शिक्षकको व्यवस्थापन, मेयर कप सञ्चालन,खेलाडी सम्मान लगायतका कार्यक्रम सञ्चालन गर्न लागि ६ करोड २५ लाख विनियोजन गरिएको छ।

नगरअस्पताल सञ्चालन तथा व्यवस्थापनका लागि ८० लाख विनियोजन गरेको छु।

आधारभुत स्वास्थ्य संस्थाहरुवाट प्रदान गरिने सेवाहरुलाई प्रभावकारी र व्यवस्थित वनाउन, औषधी खरिद जनशक्ति परिचालन,विभिन्न शिविर सञ्चालन,मातृशिशु तथा पोषण, जोखिममा रहेका सुत्केरी आमा हरु लाई पोषण उपमेयर कोशेली कार्यक्रम सञ्चालन,ग्रामिण अल्ट्रासाण्ड कार्यक्रम, महिला स्वास्थ्य स्वयम सेविकाहरुको व्यवस्थापन लगायतका कार्य गर्न १ करोड विनियोजन गरेको छु।

लैससास नीति निर्माण,वाल कोष स्थापना, लैंगिक हिंसा निवारण कोष स्थापना,लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान,महिला शशक्तिकरण,सहायता सामग्री वितरण,वालमैत्री स्थानीय तह घोषणा लगायतका कार्यक्रम सञ्चालन गर्न २४ लाख ८० हजार विनियोजन गरेको छु।

सामाजिक सुरक्षा तथा व्यक्तिगतघटनादर्ता लाई प्रभावकारी वनाउन १५ लाख ३० हजार विनियोजन गरेको छु।

**वन वातावरण र विपद व्यवस्थापन तर्फः**

घोडाघोडी ताल क्षेत्र संग जोडिएका सामुदायिक वनहरुको पुर्वाधार विकास, क्षमता विकास लगायतका कार्यक्रम सञ्चालन गर्न १२ लाख विनियोजन गरेको छु।

फोहोरमैला व्यवस्थापन तथा विपद व्यवस्थापनका लागि ९ लाख विनियोजन गरेको छु।

**पूर्वाधार विकास तर्फः**

भूमिहिन दलित,भुमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासिहरुको जग्गा नापजाच गर्न ३४ लाख ५० हजार विनियोजन गरेको छु।

ई गभर्नेन्स तथा डिजिटल पालिका निर्माण कार्यका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्न ४८ लाख ५० हजार विनियोजन गरेको छु ।

वडा न. २ र ६ जोडने पुल निर्माण, वडा न. १ र १० को अधुरो ईन्डोर हल निर्माणका लागि १ करोड ५० लाख विनियोजन गरेको छु ।

शिव मन्दिर देखि महंगु चौधरीको गर सम्म सडक कालोपत्रे,पचघरा देखि झोलुंगे पुल सम्म ह्युमोपाईप सहित ग्रावेल, ६ र ८ जोडने कल्भर्ट निर्माण लगायतका पूर्वाधार निर्माणका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

**सुशासन तथा संस्थागत विकास तर्फः**

नगरपालिका तथा वडा कार्यालयहरुको नियमित प्रशासनीक खर्च सञ्चालन,कर्मचारीहरुको तलव भत्ता,जनप्रतिनिधिहरुको सेवा सुविधा,विमा,क्षमता विकास,सवारी साधन सञ्चालन तथा व्यवस्थापन लगायतका कार्यका लागि २० करोड विनियोजन गरेको छु ।

सार्वजनिक सेवा प्रवाहलाई चुस्त,दुरुस्त र प्रभावकारी वनाउन कर्मचारीको मनोवल उच्च पार्दै सुशासन कायम गर्न का लागि ।

संघीय सरकारबाट कर्मचारीको मनोवल अभिवृदीका लागि खाईपाई आएको तलव स्केलमा १० % बृद्धी र बृद्धी भएको तलबमानमा थप १० % प्रोत्साहन भत्ता दिने व्यवस्था वमजिम यस नगरपालिकामाको स्थाई दरवन्दीमा कार्यरत रहेका कर्मचारीहरुलाई सोहि वमोजिम हुने गरि तलबमान र प्रोत्साहन भत्ता बृद्धी गरिएको छ ।

दरवन्दी वाहेक करार सेवामा कार्यरत रहेका कर्मचारीहरुको न्यूनतम तलव स्केलमा १० % वृद्दी गरिएको छ । साथै न्युनतम पारिश्रमिक भन्दा कम  पारिश्रमिक खाईपाई आएका कर्मचारीहरुको हकमा नेपाल सरकारले निर्धारण गरेको न्युनतम पारिश्रमिक रकम उपलव्ध गराईनेछ ।

नगरपालिकाको स्रोतवाट व्यहोर्नेगरि नगर अनुदान कोटामा कार्यरत शिक्षक तथा कर्मचारी( वाल विकास सहजकर्ता) हरुको खाईपाई आएको रकममा न्यूनतम १० % ले हुन आउने रकम थप गरि उपलव्ध गराउने व्यवस्था गरिएको छ ।

विद्यालय सहयोगी हरुलाई नेपाल सरकारले निर्धारण गरेको न्युनतम पारिश्रमिक रकम उपलव्ध गराउने व्यवस्था मिलाएको छु ।

नगरपालिकाको दरवन्दी संरचना अनुसार दरवन्दी रहेको पदमा करारमा कार्यरत कर्मचारीहरुको सेवाको सुरक्षाका लागि सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

हामि चिनाउछौ सुदूरपश्चिम प्रदेश भन्ने मुल मन्त्रलाई आत्मसात गर्दै सुदूरपश्चिम प्रदेशको स्थानीय सेवा गठन तथा सञ्चालन ऐनमा व्यवस्था भए वमोजिम कर्मचारीहरुको सेवा शर्त सुविधाका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

हाल सम्म निर्माण भएका कानुन हरुको संग्रह निर्माण,न्यायमा पहुच अभीबृद्धीका लागि कानुनी साक्षरता,उजुरी व्यवस्थापन लगायतका क्रियाकलाप सञ्चालन गर्न १९ लाख विनियोजन गरेको छु ।

पालिकाको राजस्व सुधार योजना लाई अध्यावधिक, कर सचेतना कार्यक्रम,डिजिटलाईजेशन लगायतका कार्यक्रम सञ्चालन गर्न ६ लाख विनियोजन गरेको छु ।

नगरपालिकाको बहुबर्षिय योजना सञ्चालन गर्न १ करोड ५० लाख विनियोजन गरेको छु ।

चालु आ.व.को अन्तमा भूक्तानी दिन बाकि रहने योजना तथा कार्यक्रमहरुका लागि रु १ करोड २७ लाख बजेट व्यवस्थापन गरेको छु।

संघ, प्रदेश तथा विभिन्न विकास साझेदार संघ संस्थाहरु संग लागत साझेदारीका लागि रु १ करोड१२ लाखको प्रवन्ध मिलाएको छु।

**सभाध्यक्ष महोदय,**

अब म वडा तर्फको विनियोजित बजेट तथा कार्यक्रम प्रस्तुत गर्न अनुमती चाहन्छु ।

**वडा न. १ को**

आर्थिक विकास,सामाजिक विकास,पूर्वाधार विकास, विपद व्यवस्थापन, वन तथा वातावरण संरक्षण र संस्थागत व्यवस्थापनका लागि वडा समितिबाट सिफारिस भै आए वमोजिम रु. १ करोड विनियोजन गरेको छु ।

**वडा न. २ को**

आर्थिक विकास,सामाजिक विकास,पूर्वाधार विकास, विपद व्यवस्थापन, वन तथा वातावरण संरक्षण र संस्थागत व्यवस्थापनका लागि वडा समितिबाट सिफारिस भै आए वमोजिम रु. ७५ लाख विनियोजन गरेको छु ।

**वडा न. ३ को**

आर्थिक विकास,सामाजिक विकास,पूर्वाधार विकास, विपद व्यवस्थापन, वन तथा वातावरण संरक्षण र संस्थागत व्यवस्थापनका लागि वडा समितिबाट सिफारिस भै आए वमोजिम रु. ७५ लाख विनियोजन गरेको छु ।

**वडा न. ४ को-**

आर्थिक विकास,सामाजिक विकास,पूर्वाधार विकास, विपद व्यवस्थापन, वन तथा वातावरण संरक्षण र संस्थागत व्यवस्थापनका लागि वडा समितिबाट सिफारिस भै आए वमोजिम रु. ९५ लाख विनियोजन गरेको छु ।

**वडा न. ५ को**

आर्थिक विकास,सामाजिक विकास,पूर्वाधार विकास, विपद व्यवस्थापन, वन तथा वातावरण संरक्षण र संस्थागत व्यवस्थापनका लागि वडा समितिबाट सिफारिस भै आए वमोजिम रु. ७५ लाख विनियोजन गरेको छु ।

**वडा न. ६ को----**

आर्थिक विकास,सामाजिक विकास,पूर्वाधार विकास, विपद व्यवस्थापन, वन तथा वातावरण संरक्षण र संस्थागत व्यवस्थापनका लागि वडा समितिबाट सिफारिस भै आए वमोजिम रु. ७५ लाख विनियोजन गरेको छु ।

**वडा न. ७ को**

आर्थिक विकास,सामाजिक विकास,पूर्वाधार विकास, विपद व्यवस्थापन, वन तथा वातावरण संरक्षण र संस्थागत व्यवस्थापनका लागि वडा समितिबाट सिफारिस भै आए वमोजिम रु. ७५ लाख विनियोजन गरेको छु ।

**वडा न. ८ को**

आर्थिक विकास,सामाजिक विकास,पूर्वाधार विकास, विपद व्यवस्थापन, वन तथा वातावरण संरक्षण र संस्थागत व्यवस्थापनका लागि वडा समितिबाट सिफारिस भै आए वमोजिम रु. ९० लाख विनियोजन गरेको छु ।

**वडा न. ९ को**

आर्थिक विकास,सामाजिक विकास,पूर्वाधार विकास, विपद व्यवस्थापन, वन तथा वातावरण संरक्षण र संस्थागत व्यवस्थापनका लागि वडा समितिबाट सिफारिस भै आए वमोजिम रु. ८५ लाख विनियोजन गरेको छु।

**वडा न. १० को**

आर्थिक विकास,सामाजिक विकास,पूर्वाधार विकास, विपद व्यवस्थापन, वन तथा वातावरण संरक्षण र संस्थागत व्यवस्थापनका लागि वडा समितिबाट सिफारिस भै आए वमोजिम रु. ९० लाख विनियोजन गरेको छु।

**वडा न. ११ को**

आर्थिक विकास,सामाजिक विकास,पूर्वाधार विकास, विपद व्यवस्थापन, वन तथा वातावरण संरक्षण र संस्थागत व्यवस्थापनका लागि वडा समितिबाट सिफारिस भै आए वमोजिम रु. ७५ लाख विनियोजन गरेको छु।

**वडा न. १२ को**

आर्थिक विकास,सामाजिक विकास,पूर्वाधार विकास, विपद व्यवस्थापन, वन तथा वातावरण संरक्षण र संस्थागत व्यवस्थापनका लागि वडा समितिबाट सिफारिस भै आए वमोजिम रु. ७५ लाख विनियोजन गरेको छु।

**सभाध्यक्ष महोदय,**

चालु आर्थिक बर्षमा बजेट विनियोजन भई बजेटको सुनिश्चितता हुन नसकेका तर कार्यान्यवन नगरि नहुने योजना तथा कार्यक्रमहरुलाई आर्थिक बर्ष २०८३-०८४ को बजेटमा प्राथमिकिकरण गरी समेट्ने प्रयास गरेको छु। साथै चालु आर्थिक बर्षमा निर्माण कार्य सम्पन्न भई भुक्तानी दिन बाकि रहने योजना तथा कार्यक्रमहरुका लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छु।

संघीय सरकार, प्रदेश सरकार लगायत अन्य विकास साझेदार संग संस्थाहरु संग आवश्यकता अनुसार साझेदारिमा योजना तथा कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको प्रवन्ध मिलाएको छु।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक बर्ष २०८३-८४ को लागि प्रस्तुत गरिएको योजना र नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु।

आ.व. २०८३-०८४ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कुल रु.१ अर्व ४ करोड ४७ लाख ८ हजार८६८ रकम बराबरको आय हुने अनुमान गरेको छु।

अनुमानित आयको स्रोत व्यवस्थापन संघीय सरकार समानिकरण अनुदानवाट १९ करोड २७ लाख,संघीय सरकार समपूरक अनुदानबाट १ करोड ८३ लाख, संघीय सरकार विशेष अनुदानबाट २ करोड ८० लाख, संघीय सरकार शशर्त अनुदान वाट ३७ करोड ७० लाख, प्रदेश सरकार समानिकरण अनुदानवाट १ करोड ८३ लाख ४३ हजार, प्रदेश सरकार समपुरक अनुदानवाट १ करोड ४५ लाख ५६ हजार , प्रदेश सरकार विशेष अनुदानबाट ७६ लाख ५० हजार, प्रदेश सरकार शशर्त अनुदानबाट १० करोड ३५ लाख, संघीय राजस्व वाडफाडवाट १८ करोड २ लाख ८९ हजार, प्रदेश राजस्व वाडफाडवाट ५९ लाख ५१ हजार र वाकि रहेको ९ करोड ८४ लाख १९ हजार ८६८ आन्तरिक स्रोतवाट व्यहोर्ने अनुमान गरेको छ।

**सभाध्यक्ष महोदय,**

करका दरहरू समेत उल्लेख भएको आर्थिक विधेयक, २०८३ तथा खर्चलाई व्यवस्थित गर्न बनेको विनियोजन विधेयक, २०८३ छलफल र स्वीकृतीको लागि यस सम्मानित सभामा पेश गरेको छु।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आ.व. २०८३/०८४ का राजश्व नीति प्रस्तुत गर्न चाहन्छु।

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ ले प्रदान गरेको अधिकार क्षेत्र भित्र रही कूल बजेटमा आन्तरिक आम्दानीको अंश वृद्धि गर्दै लैजाने गरी चालु आर्थिक वर्षको करको दर यथावत राखी करको दायराको व्यापक विस्तार र उपयोग गर्ने नीति लिएको छु ।

आन्तरिक राजश्वका दायरा विस्तार गरी राजश्व चुहावट नियन्त्रण गर्न सम्पूर्ण वडा कार्यालयहरू र नगरपालिका केन्द्रवाट समेत अनिवार्य रूपमा स्थानीय संचित कोष व्यवस्थापन प्रणालीमा थप भएको राजश्व मोड्युल पूर्णरुपमा लागु गरी नियमित राजश्व संकलन गर्ने  र उक्त प्रणाली बाटै व्यवसाय दर्ता गर्ने व्यवस्था मिलाइएको छ।

राजश्व सुधारका लागि राजश्व सुधार कार्य योजना बनाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै लगिनेछ ।

ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर, विज्ञापन कर, मनोरञ्जन कर फोहोरमैला व्यवस्थापन आदिको दर तथा दायरा विज्ञ समूहबाट अध्ययन गराई राजश्व संकलनलाई थप प्रभावकारी बनाईने छ।

नगरपालिका क्षेत्र भित्रका व्यापार व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारका आधारमा व्यवसाय दर्ता गर्न प्रोत्साहित गरी व्यापार व्यवसायलाई करको दायरामा ल्याईने छ ।

यस नगरपालिका क्षेत्र भित्र उद्योग तथा व्यवसाय सञ्चालन गरी नगरपालिकालाई सवै भन्दा वढि कर तिर्ने उद्ययोगी एंव व्यवसायीलाई सम्मान गर्दै गरिनेछ ।

करदाता शिक्षा, कर सप्ताह कार्यक्रम, डिजिटल कर प्रणाली र वित्तिय साक्षरता अभियान मार्फत आम नागरीक र व्यवसायीहरुमा करको महत्वबारे जनचेतना बृद्धि गरीनेछ ।

विद्यमान राजश्व नीति, कार्यक्रम, आर्थिक ऐन, करको दररेट, राजश्व सङ्कलन, राजश्व प्रशासन संस्थागत व्यवस्था, आय श्रोतहरूको सम्भावना र यथार्थ सङ्कलनको फरक पहिचान, समीक्षा, विश्लेषण गरी सुधार गर्दै लगिने छ ।

**सभाध्यक्ष महोदय,**

प्रस्तुत नीति तथा कार्यक्रम र बजेटबाट नगरवासिका आधारभुत आवश्यकताहरू परिपूर्ति गरी जीवनस्तरमा गुणात्मक सुधार हुँदै जाने, नगरपालिकाका उपलब्ध स्रोत साधनको उच्चतम उपयोगबाट नगरवासिहरुको आर्थिक विकास हुने, सामाजिक सास्कृतीक रुपान्तरण हुने, दिगो एंव भरपर्दो पूर्वाधार विकास हुने, विपद जोखिम न्यूनिकरण हुने एंव सुशासन कायम भई नगरपालिकाको समग्र बिकास हुने विश्वास लिएकी छु।

**सभाध्यक्ष महोदय,**

मैले यस घोडाघोडी नगरपालिकाको आगामी आर्थिक वर्ष २०८३-०८४ को बार्षिक योजना तथा कार्यक्रम नागरिकको आवश्यकता, माग, चाहना, सन्तुलित विकासको अवधारणा, सुशासन कायम र संस्थागत सुधार समेत लाई मध्यनजर गरि स्रोत साधनको प्रभावकारी वितरण गर्दै रु.१ अर्व ४ करोड ४७ लाख ८ हजार ८६८ को व्यय

अनुमान प्रस्तुत गरेको छु। प्रस्तुत योजना तथा कार्यक्रमहरु प्रभावकारी ढंगले कार्यान्वयन गर्न गराउन सवैले आ-आफ्नो ढंगवाट सहयोग, सहकार्य र समन्वय गर्नु हुनेछ भन्ने अपेक्षा लिई योजना तथा कार्यक्रम स्वीकृतीका लागि यस सम्मानित सभामा पेश गर्दछु।

**अन्तमा,** आगामी आ.व. २०८३-०८४ को बजेट तथा कार्यक्रम तर्जुमा गर्न रचनात्मक सुझाव, सल्लाह प्रदान गरि सहयोग गर्नु हुने नगर प्रमुख ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, वडा अध्यक्षज्यूहरु, नगर कार्यपालिका सदस्यज्यूहरु, विषयगत समितिका संयोजक एंव सदस्य ज्यूहरु, नगरसभा सदस्य ज्यूहरु, नगरपालिकाका कर्मचारी मित्रहरु, राजनीतिक दलका प्रतिनिधि ज्यूहरु, नागरिक समाजका व्यक्तित्वहरु, विकास साझेदारी संघ संस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरु, पत्रकार ज्यूहरु लगायत सम्पूर्ण घाघोडी नगरपालिकावासीहरु लाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

**हार्दिक धन्यबाद**

नमस्कार ।।।

मितिः २०८३ असार १०